# सुरक्षा गार्ड सेवा करारमा लिने सम्बन्धी सुचना

**(सूचना प्रकाशन मितिः २०८२/११/०२)**

**(प्रस्ताव पेश गर्ने अन्तिम मितिः २०८२/११/१७ गते कार्यालय समय ५:०० बजे सम्म)**

**(प्रस्ताव खोल्ने मितिः २०८२/११/२० गते १०:०० बजे कार्यालयमा)**

आ.व. २०८२/०८३ स्वीकृत बजेट अनुरुप यस प्रदेश सहकारी रजिस्ट्रारको कार्यालय,काठमाडौं उपत्यका(सानेपा, ललितपुर) को कार्यालयको सुरक्षाका लागि सुरक्षा सेवा (सुरक्षा गार्ड-२) करारमा लिई सेवा करार गराउनुपर्ने भएको हुँदा सुरक्षा सम्बन्धी काम गर्ने इजाजत प्राप्त फर्म/कम्पनीले यस कार्यालयले तयार गरेको कार्य क्षेत्रगत शर्त (TOR) को अधीनमा रही सुरक्षा सम्बन्धी काम गर्न कम्पनी दर्ताको प्रमाणपत्र,VAT/PAN प्रमाणपत्र,करचुक्ता प्रमाणपत्र, ईजाजत पत्र र अन्य आवश्यक कागजात सहितको निवेदन यस कार्यालयमा सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यालय समयमा सिलबन्दी गरी प्रस्ताव पेश गर्नुहुन् सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

## कार्यालय सुरक्षा सेवा उपलब्ध गराउने कार्य क्षेत्र सहित (TOR):-

**१. सेवा प्रदायकले गर्नुपर्ने कामको पृष्ठभूमि र उद्देश्य :**

कार्यालय सुरक्षा सेवा(सुरक्षा गार्ड -२ जना) करारमा लिने कार्यका लागि प्रस्ताव माग गरिएको हो।

**२. सेवा प्रदायकको कार्यक्षेत्र र सम्पन्न गर्नुपर्ने काम :**

- सेवा प्रदायकले कार्यालय परिसरमा कम्तिमा ८/८ घण्टा र थप समय तोकेबमोजिम (कम्तिमा ३ घण्टा) को पालो गरी जम्मा २(दुई) सुरक्षाकर्मी खटाई कार्यालय समय सम्म र रात्रिकालिन रुपमा आवश्यकताको आधारमा कार्यालयले तोकेको अवस्थामा सुरक्षा प्रवन्ध गर्नुपर्नेछ। कार्यालयले दुवै सुरक्षाकर्मीलाई कार्यालय समयमा वा रात्री समयमा सुरक्षाका लागि आवश्यकता अनुसार खटाउन सक्नेछ।
- उल्लिखत सेवा कार्यालय स्थान काठमाडौं उपत्यका, सानेपा ललितपुरमा सेवा दिनुपर्नेछ।
- सुरक्षा गार्डको जिम्मेवारी कार्यालयले तोकेको अनुरुप सुरक्षा प्रदान गर्ने हुनेछ।
- ती सुरक्षाकर्मीहरूलाई पारिश्रमिक एवं सबै अन्य सुविधा सेवा प्रदायक फर्म/कम्पनीले प्रदान गर्नुपर्नेछ।
- सुरक्षा सँग सम्बन्धित अनुभव भएको कर्मचारी खटाउनुपर्नेछ।
- अन्य कार्य बिवरण तल उल्लिखत बुँदा न(७) बमोजिम हुन्छ।

अधिकृत सातौं

३. सम्झौता अवधि :

सम्झौता अवधि सम्वत् २०८२ साल प्रस्ताव स्वीकृत भई सम्झौता भएको मिति देखि गतेदेखि सम्वत् मिति २०८३ असार मसान्तसम्म हुनेछ र तत् पश्चात प्रचलित ऐन/नियम अनुसार नवीकरण गर्न सकिनेछ।

४. सेवा प्रदायकले प्राप्त गर्ने रकम र सुविधा :

कार्यालयले सेवा प्रदायकलाई सम्झौता बमोजिमको रकम मासिक रुपमा कर सहित भुक्तानी गर्नेछ। कार्यालयले सुरक्षामा खटिने सुरक्षाकर्मीलाई सेक्युरिटी पोस्ट (गार्ड रुम) उपलब्ध गराउनेछ। अन्य भौतिक सुविधा उपलब्ध गराइने छैन। सुरक्षाकर्मीलाई आवश्यक अन्य दैनिक सामग्री उपलब्ध गराउने कार्यको जिम्मेवारी सेवा प्रदायक संस्थाको हुनेछ।

५. यसमा उल्लेखित खरिद सम्बन्धी व्यवस्था :

यसमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ।

६. प्रस्तावित मासिक रकमः (यसै अनुरुप भरेर बुझाउनुपर्नेछ)

सुरक्षा गार्ड सेवा करारमा लिने सम्बन्धमा प्रस्ताव कर्ताले भर्ने बिषय

| क्र.स | श्रम ऐन/नियमावली बमोजिम | मासिक रकम |
|---|---|---|
| १ | आधारभुत पारिश्रमिक | |
| २ | महंगी भत्ता | |
| | जम्मा (क) | |
| ३ | संचयकोष | |
| ४ | उपदान | |
| ५ | सामाजिक सुरक्षा कोषमा योगदान | |
| ६ | घर बिदा | |
| ७ | बिरामी बिदा (बार्षिक १२ दिन पारिश्रमिक) | |
| ८ | चाडपर्व खर्च | |
| | जम्मा (ख) | |
| | सुरक्षा सेवा थप | |
| ९ | ४ वटा साप्ताहिक बिदाको थप एकमुस्ट | २०००.०० |
| १० | बढी समय काम गरे बापतको प्रति घण्टा थप रकम (दैनिक कम्तिमा ३ घण्टा) | |
| | जम्मा | |
| | VAT @१३% | |
| | कुल मासिक जम्मा रकम | |
| | | |

अधिकृत सातौं

बागमती प्रदेश सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय
डिभिजन सहकारी रजिष्ट्रारको कार्यालय
काठमाडौं उपत्यका (ललितपुर, ललितपुर), नेपाल

<u>सेवा करारवाट गर्नुपर्ने कार्यको विवरण (तालिका फर्म्याट)</u>

| सि. नं. | करारवाट गर्नुपर्ने कार्य विवरण | प्रति जवान दर (मु. अ. कर बाहेक — अंकमा) | प्रति जवान दर (मु. अ. कर बाहेक — अक्षरमा) | जम्मा संख्या | जम्मा कबोल रकम (मासिक) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | चल अचल सम्पत्तिको सुरक्षा गर्ने कार्यमा घण्टा पालो पहरा गर्ने कार्य (गार्ड २ (दुई) जना सुरक्षा गार्ड) | | | २ जना | | |
| | | जम्मा कबोल रकम (मासिक): | | | | |
| | | मु. अ. कर १३%: | | | | |
| | | कुल जम्मा: | | | | |

*यसमा श्रम ऐन २०७४ र श्रम नियमावली २०७५ बमोजिम आधारभूत पारिश्रमिक,महंगी भत्ता,सुबिधा (संचयकोष,उपदान,सामाजिक सुरक्षा कोषमा योगदान,घर विदा, विरामी विदा,चाडपर्व खर्च) सुरक्षा सेवा थप (घण्टा) कार्य समेतको आधारमा तयार गरिएको छ ।

**७. कार्य विवरण (कार्यसर्त)**

<u>सेवा करारमा गर्नुपर्ने कार्यको विवरण यस प्रकार छ ।</u>

१. कार्यालयको कम्पाउण्ड तथा भवन भित्र तथा बाहिर सम्पत्तिको सुरक्षा गर्ने कार्यमा कार्यालयले तोकेको समयमा पालो पहरा गर्ने, कार्यालयका आवश्यक अचल सम्पत्ति, कागजातहरु तथा अन्य विभिन्न सम्पत्तिको सुरक्षा।

२. कार्यालयमा घट्न सक्ने कुनै पनि आकस्मिक घटनाबाट सुरक्षा गर्नुपर्ने छ, कार्यालयको सुरक्षा गर्न खटिएका व्यक्तिले कार्यालयमा कुनै अप्रिय घटना हुन नदिन सधैं सतर्क रहनु पर्ने छ ।

३. कार्यालय क्षेत्रभित्र कुनै पनि किसिमको अवाञ्छित गतिविधि हुन नदिन पूर्ण सतर्कता अपनाउनु पर्नेछ।

अधिकृत सातौं

४. सेवा प्रदान गर्ने क्रममा कुनै किसिमको असामान्य गतिविधि, घटना वा दुर्घटना भएको अवस्थामा तुरुन्तै कार्यालय प्रमुख वा सम्बन्धित निकायलाई जानकारी गराउनु पर्नेछ ।कार्यालय परिसर भित्र वा बाहिर कुनै घटना घट्न गएमा तुरुन्तै सम्बन्धित निकायलाई जानकारी गराउनु पर्नेछ।

५. घटना घट्नासाथ त्यसको विवरण सहित प्रतिवेदन तयार गरी कार्यालय प्रमुख समक्ष पेश गर्नु पर्नेछ।

६. कार्यालयमा सुरक्षा गार्डहरुले प्रदान गरेको सेवा सन्तोषजनक हुनु पर्नेछ ।सेवा सन्तोषजनक नदेखिएमा वा सेवा प्रदान गर्ने क्रममा अनुशासनहीनता देखिएमा कार्यालयले करार सम्झौता रद्द गर्न सक्नेछ।

७. सेवा प्रदायकले आफ्नो कर्मचारीको अनुशासन, आचरण तथा जिम्मेवारीप्रति पूर्ण जिम्मेवारी लिनु पर्नेछ।

८. करार सेवामा कार्यरत कर्मचारीहरुले कार्यालयमा प्रचलित नियम, कानुन, आचारसंहिता तथा निर्देशनहरुको पालना गर्नु पर्नेछ।

९. सुरक्षा सेवा प्रदान गर्दा कार्यालयका गोप्य कागजात, सूचना तथा विवरण बाहिर नजान दिने जिम्मेवारी सुरक्षा गार्डको हुनेछ।

१०. सुरक्षा सेवाको अवधि समाप्त भएपछि वा करार रद्द भएमा कार्यालयको सम्पूर्ण सामान, पास कार्ड, सामग्रीहरु फिर्ता बुझाउनु पर्नेछ।

११. करार सेवा बोलपत्रदाताले आवश्यक जनशक्ति खटाउनु पर्नेछ।व्यक्तिगत आचरण उच्च, शारीरिक क्षमता सबल भएका तथा अनुभव भएका व्यक्तिहरु खटाउनु पर्नेछ।

१२. सरकारले तोकेको न्यूनतम योग्यता सेवा प्रदायकले पूरा गरेको हुनु पर्नेछ।

१३. सुरक्षा सेवा प्रदान गर्ने क्रममा सुरक्षा सँग सम्बन्धित वा कर्मचारीबाट कुनै किसिमको क्षति भएमा सोको सम्पूर्ण जिम्मेवारी सेवा प्रदायकको हुनेछ।

१४. कार्यालय परिसर भित्र धूम्रपान, मदिरा सेवन तथा अन्य लागूपदार्थ सेवन गर्न पूर्ण रुपमा निषेध गरिएको छ।

१५. सुरक्षाकर्मीहरुले कार्यालयको सम्पूर्ण विवरण गोप्य राख्नु पर्नेछ।

१६. सेवा प्रदायकले आवश्यक पोशाक, परिचयपत्र तथा सुरक्षा सामग्री उपलब्ध गराउनु पर्नेछ।

१७. सुरक्षा गार्डहरुले कार्यालय समय, बिदा, हाजिरी तथा ड्युटी तालिका प्रचलित ऐन/नियम अनुसार कार्य गर्नु पर्नेछ।

१८. यसमा उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ।

१९. श्रम ऐन, २०७४ बमोजिम सेवा प्रदायकले आफ्नो कर्मचारीलै आवश्यक सेवा सुविधाको ब्यवस्था गर्नुपर्नेछ।

२०. यस सम्बन्धमा सुरक्षामा खटिने कर्मचारीको गुनासो एव सुनुवाई सम्बन्धित सेवा प्रदायकको हुनेछ ।

**८. सार्वजनिक निकायको नाम र विवरण (सेवाप्रदान गर्नुपर्ने स्थान)**

प्रदेश सहकारी रजिस्ट्रारको कार्यालय, बागमती प्रदेश, काठमाडौं उपत्यका (सानेपा, ललितपुर)

अधिकृत सही

**९. प्रस्तावदाताले प्रस्तावसाथ पेश गर्नुपर्ने कागजात (सिलबन्दी तथा हस्ताक्षर गरी पेश गर्नुपर्ने)**

निवेदनः संस्थाको नामको लेटरप्याडमा आधिकारिक व्यक्तिको सम्पर्क बिवरण सहित ।

कम्पनी दर्ताको प्रमाणपत्र, VAT/PAN प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र ।

ईजाजत पत्र (श्रम ऐन/नियमावलीमा तोके बमोजिम), सामाजिक सुरक्षा कोषमा दर्ता अभिलेख, अन्य आवश्यक कागजात ।

बुँदा न (६) बमोजिम तोकिएको प्रस्तावित रकम प्रस्ट खुल्ने गरी सहि छाप लगाई पेश गर्नुपर्नेछ ।

**१०. प्रस्ताव दाखिला गर्नुपर्ने अन्तिम मिति र समय**

सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यालय समय भित्र सिलबन्दी गरी प्रस्ताव पेश गर्नुपर्ने। सार्वजनिक बिदा परेमा लगत्तै भोलि पल्ट कार्यलय समय सम्म यस कार्यालयमा प्रस्ताव पेश गर्नुपर्नेछ।

**(प्रस्ताव पेश गर्ने अन्तिम मितिः २०८२/११/१७ गते कार्यालय समय ५:०० बजे सम्म)**

**(प्रस्ताव खोल्ने मितिः २०८२/११/२० गते १०:०० बजे कार्यालयमा)**

**११. सेवा शुल्क भुक्तानीका शर्त र कर कट्टीको बिषय**

उल्लिखित सेवा उपलब्ध गराए बापत यस कार्यालयले प्रचलित स्वीकृत बजेटको सिमाभित्र कार्यालयले तोकेको लागत अनुमान भित्र रही सेवा प्रदायकले प्रस्ताव गरेको मासिक न्युनतम शुल्क आवश्यक कर कट्टी गरी सेवा प्रदायकको बैक खातामा भुक्तानी गरिने छ ।

सेवा प्रदायक चयन सबै भन्दा न्युन कबोल गर्ने र कार्यालको शर्त पुरा गर्ने सेवा प्रदायक प्रचलित सार्बजनिक खरिद ऐन/नियम बमोजिम हुनेछ।

अधिकृत सही

निवेदनको ढाँचा

श्रीमान् कार्यालय प्रमुखज्यू
प्रदेश सहकारी रजिस्ट्रारको कार्यालय
बागमती प्रदेश, काठमाडौं उपत्यका (सानेपा, ललितपुर)

**विषयः सुरक्षा गार्ड सेवा करारमा लिने सम्बन्धमा प्रस्ताव पेश गरेको बारे।**

महोदय,

तपाईंको कार्यालयबाट मिति २०८२/११/०२ मा प्रकाशित "सुरक्षा गार्ड सेवा करारमा लिने सम्बन्धी सूचना" बमोजिम आ.व. २०८२/०८३ का लागि आवश्यक २ (दुई) जना सुरक्षा गार्ड सेवा करारमा उपलब्ध गराउने सम्बन्धमा हाम्रो फर्म/कम्पनीले सूचना तथा कार्यक्षेत्रगत शर्तको पूर्ण अध्ययन गरी तोकिएको शर्त र प्रचलित कानून बमोजिम सेवा प्रदान गर्ने प्रतिबद्धतासहित यो निवेदन तथा प्रस्ताव पेश गरेका छौं।

हाम्रो फर्म/कम्पनीले श्रम ऐन, २०७४ तथा श्रम नियमावली, २०७५ बमोजिम आवश्यक सेवा सुविधा उपलब्ध गराई अनुभवयुक्त, अनुशासित तथा योग्य सुरक्षाकर्मी खटाउने प्रतिबद्धता व्यक्त गर्दछ। साथै, कार्यालयले तोकेको कार्यविवरण अनुसार ८/८ घण्टाको पालो प्रणालीमा २ जना सुरक्षाकर्मी खटाई कार्यालय परिसर तथा सम्पत्तिको पूर्ण सुरक्षा सुनिश्चित गर्नेछौं। यस सम्बन्धमा आवश्यक कागजातहरू (कम्पनी दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र, इजाजतपत्र, सामाजिक सुरक्षा कोषमा दर्ता प्रमाण तथा अन्य आवश्यक कागजातहरू) सिलबन्दी गरी संलग्न गरिएको छ। साथै, बुँदा नं. (६) बमोजिम प्रस्तावित मासिक दर स्पष्ट उल्लेख गरी हस्ताक्षर तथा छाप सहित पेश गरिएको छ।

निवेदक,

नामः ...............................
पदः ...............................
फर्म/कम्पनीको नामः ...............................
ठेगानाः ...............................
छापः..................................
मितिः.........................

अधिकृत सातौं